# धनकुटा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनकुटा
# १ नं प्रदेश, नेपाल

**<u>सूचना प्रविधि अधिकृत छनौट तथा सिफारिस समिति</u>**

पत्र संख्या २०७४।७५

चलानी नं.

मिति ः २०७४।१२।२१

**विषय ः सूचना प्रविधि अधिकृत पदको लागि दोश्रो पटक दरखास्त आवहन सम्बन्धी सूचना ।**

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) कार्यक्रम समन्वय इकाई सिंहदरबार काठमाडौंको च.न. १२७ मिति २०७४।७।१७ को प्राप्त पत्रानुसार स्थानीय तहहरुलाई सूचना प्रविधियुक्त बनाई सेवा प्रवाहसंग आवद्ध गर्ने गरी सवै नगरपालिकाहरुमा १/१ जनाको दरले सूचना प्रविधि अधिकृत (IT Officer) व्यवस्था गर्ने गरी लेखिएको उक्त पत्रको बुँदा नं. २ अनुसार धनकुटा नगर कार्यपालिकाको कार्यालयमा सूचना प्रविधि अधिकृत (IT Officer) पद रिक्त रहेकोले र मिति २०७४।१२।२० गतेको लिखित परीक्षामा कुनै उम्मेद्धवारहरु सामेल नभएकाले धनकुटा नगर कार्यापालिकाको कार्यालय, छनौट तथा सिफारिस समितिको मिति २०७४।१२।२० गतेको निर्णयानुसार उक्त पत्रमा उल्लेख भए बमोजिमको प्रकृया तथा मापदण्ड अनुसार करार सेवामा सूचना प्रविधि अधिकृत (IT Officer) छनौट तथा सिफारिस गरिने भएकाले तपसिलको योग्यता पुगेका इच्छुक व्यक्तिहरुले निम्नानुसार आवेदन पेश गर्न हुन दोश्रो पटक दरखास्त आवहन गरिएको छ ।

**<u>तपसिल</u>**

१. पदको नाम ः सूचना प्रविधि अधिकृत (IT Officer)

२. स्तर, तह ः अधिकृतस्तर छैठौ सरह (प्राविधिक)

३. आवश्यक पद संख्या ः १ (एक)

४. न्यूनतम शैक्षिक योग्यता ः लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै विषय लिई (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc.IT, BSc.CSIT) उत्तिर्ण गरेको ।

५. दरखास्त पेश गर्नु पर्ने स्थान ः धनकुटा नगर कार्यपालिकाको कार्यालय वा इमेल ठेगाना dhankutamunicipality@gmail.com वा हुलाक मार्फत कार्यालयको नाममा पठाउनु पर्नेछ ।

६. दरखास्त पेश गर्ने अन्तिम मिति ः २०७४ साल चैत्र २७ गते कार्यालय समय भित्र ।

७. छनौटको प्रकार ः छनौट तथा सिफारिस समितिले निर्धारित सूचकको आधारमा छोटो सूची (Short List) तयार गरेर ।

८. सूचना प्रविधि अधिकृतको कार्य शर्तको विवरण (TOR) सचिवस्तरको मिति २०७४।३।२८ को निर्णयानुसार हुने ।

९. पारिश्रमिक मासिक ः जम्मा तलव रु. ४२,५००।- (दुर्गम भत्ता समेत) ।

१०. करार सेवाको अवधि ः २०७५ असार मसान्त सम्म ।

११. दरखास्त दस्तुर ः रु. १०००।- (एक हजार) ।

**<u>आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु</u>**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

२. बसाई सरी आएको हकमा बसाई सराई दर्ता प्रमाणपत्रको प्रतिलिपी ।

३. विबाहिताको हकका विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी ।

४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

५. सूचना अनुसार न्यूनतम शैक्षिक योग्यता हासिल गरेपछि काम गरेको अनुभव भए सोको प्रमाणपत्रको प्रतिलिपी ।

६. दरखास्त दस्तुर ः धनकुटा नगर कार्यपालिकाको कार्यालय, राजश्व शाखामा दस्तुर बुझाएको वा धनकुटा नगर कार्यपालिकाको कार्यालयको नाममा रा.बा. बैक धनकुटामा रहेको सञ्चीत कोष खाता नं. २०१०३०४०१८१०२ मा दरखास्त दस्तुर जम्मा गरेको भौचरको प्रतिलिपी संलग्न राख्नु पर्नेछ

**<u>लिखित तथा प्रयोगात्मक परीक्षा मिति, समय र स्थान ः</u>**

मिति २०७४ साल चैत्र २९ गते दिनको १.०० बजे, धनकुटा नगर कार्यपालिकाको कार्यालय ।

नोट ः १. दरखास्त स्वीकृत गर्ने वा नगर्ने अधिकार छनौट तथा सिफारिस समितिमा निहित रहने छ ।

२. छोटो सूचीमा परेका उम्मेद्धवारहरुलाई मात्र लिखित तथा प्रयोगात्मक परीक्षामा सामेल गराईनेछ । छोटो सूचीमा परेको सूचना नगरपालिकाको बेवसाईटमा राखिने छ साथै छिटो सूचनाको माध्यमबाट सम्बन्धित उम्मेद्धवारहरुलाई जानकारी गराईनेछ ।

३. थप जानकारीको लागि धनकुटा नगर कार्यपालिकाको बेब साईट www.dhankutamun.gov.np मा हेर्नु होला ।

*अन्तरवार्ताको मिति लिखित तथा प्रयोगात्मक परीक्षा सम्पन्न भएपछि प्रकासित गरिनेछ ।*